# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ०७६/०७७

च.नं. ३२-८२

मिति २०७७।०२।०१

राप्ती नगरपालिका नगर कार्यपालिकाको कार्यालय हर्दी, भण्डारा, चितवन बागमती प्रदेश, नेपाल २०७३

**आदरणीय राप्ती नगरपालिका चितवन निवासी दिदीबहिनी तथा दाजुभाइहरु**

कोरोना भाइरस कोभिड-१९ को संक्रमण नेपालमा पनि दिन प्रतिदिन बढ्दै गएको व्यहोरा सर्व विदितै छ । यसको औषधी हाल सम्म नबनेकोले यसबाट बच्ने उपाय भनेको कोरोना रोग लागेको व्यक्तिको सम्पर्कबाट टाढा रहनु हो । समग्र चितवन जिल्लाको साथै हाम्रो राप्ती नगरपालिकामा खेतिपातीको लागि बाह्य खासगरी तराईका जिल्लाहरुबाट कामदार ल्याउने वा आफै आएका कामदारहरुलाई काम लगाउने प्रचलन रहदै आएको छ । हाल तराइ लगायतका जिल्लाहरुमा कोरोना संक्रमितको संख्या बढी देखीएको छ । त्यसैले कोरोना भाइरसको यो महामारीबाट जोगिन कोरोना प्रकोप समाप्त नभए सम्म खेतीपाती कार्यमा समेत बाह्य जिल्लाका कामदारहरु नल्याउनु भइ राप्ती नगरपालिका चितवनलाई कोरोना प्रकोपबाट संरक्षण गर्ने नगरपालिकाको अभियानमा सहयोग पुऱ्याई दिनुहुन हार्दिक अपिल गर्दछु । यस घडीमा नगरवासीमा हुनजाने दुख कष्ट प्रति एकबद्धता प्रकट गर्न चाहन्छु ।

प्रभा बराल

प्रभा बराल पौडेल

नगर प्रमुख

राप्ती नगरपालिका चितवन

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी